# यस पुस्तक प्रयोग गर्ने विद्यार्थीहरूका लागि

## यस पुस्तकको उद्देश्य

यो पुस्तक दैनिक जीवनमा प्रयोग हुने जापानी भाषा सुनेर बुझ्ने क्षमता विकास गर्नका लागि तयार गरिएको श्रवण-बोध पाठ्यपुस्तक हो। यो CEFR A1–A2 तथा JLPT N5–N4 स्तरका विद्यार्थीहरूका लागि लक्षित छ।

यस पुस्तकमा तपाईं संवादमा “तपाईं” को भूमिकामा रही आवश्यक जानकारी सुन्नुहुन्छ र प्रत्येक परिस्थितिमा के भन्ने भन्ने सोच्नुहुन्छ।

## यस पुस्तकको संरचना

**मुख्य पुस्तक**

**PART 1 ウォーミングアップ वार्म-अप**
मिल्दोजुल्दो ध्वनिहरू छुट्याएर सुन्ने अभ्यास हो।

**PART 2 会話リスニング संवाद श्रवण**
दैनिक जीवनका विभिन्न परिस्थितिका संवादहरू सुन्नुहुन्छ।

**सहायक पुस्तिका**
प्रत्येक पाठका प्रश्नहरूको उत्तर र स्क्रिप्टहरू यसमा समावेश छन्।

## प्रत्येक पाठको संरचना र प्रयोग गर्ने तरिका

**Can-do**
यस पाठमा के गर्न सकिनेछ भन्ने कुरा जाँच गरौँ।

**परिस्थिति प्रस्तुति**
वाक्य र चित्र हेरेर परिस्थिति बुझौँ।

**प्रश्नहरू**
प्रत्येक पाठमा दुईवटा प्रश्न छन्। अडियो सुनेर प्रश्नहरूको उत्तर दिनुहोस्।

**ことば शब्दहरू**
यस पाठमा प्रयोग भएका कठिन शब्दहरू हुन्।

**聞いて、書きましょう सुनेर लेखौँ**
संवाद फेरि एकपटक सुन्नुहोस् र खाली ठाउँमा शब्द लेख्नुहोस्।